काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५९ | आइतवार, ८ चैत, २०८२ | Sunday, 22 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

'इनिशा हत्या घटनाको छिट्टै निष्कर्ष बाहिर आउँछ'



काँक्रेविहार संवाददाता
सुर्खेत, ७ चैत

प्रहरी महानिरीक्षक दान बहादुर कार्कीले इनिशा बिक हत्या प्रकरणमा तथ्य र प्रमाणको आधारमा अनुसन्धान भइरहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय जाति तथा रंगभेद उन्मूलन दिवसको अवसरमा शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले सुर्खेतको उक्त घटनामा कानुनलाई अक्षरशः पालना गर्दै तथ्य र प्रमाणको आधारमा अनुसन्धान भइरहेको बताएका हुन् ।

कार्कीले पीडित परिवारसँग निरन्तर सम्पर्क भइरहेको र दोषिलाई कारवाहीका साथै न्याय पाउनुपर्ने आवाजको सुनुवाई हुने प्रतिवद्धता जनाए । अनुसन्धानका लागि प्रयाप्त रुपमा परिचालन गरिएकाले छिट्टै उक्त घटनाको निष्कर्ष बाहिर आउने उनको भनाइ छ ।

त्यस्तै प्रहरी महानिरीक्षक कार्कीले सबै नागरिकले बराबरको हक अधिकार प्राप्त गर्नुपर्ने भन्दै सबै किसिमको विभेदका विरुद्ध कानून बमोजिम अघि बढ्ने समेत बताए ।

सूचना, समचार तथा विज्ञापनको लागि
०८३-५२२१७३
मा सम्पर्क गर्नुहोला ।

बजेट कार्यान्वयन अवस्था कमजोर :

कर्णाली सरकारको बजेट खर्च, आठ महिनामा १९ प्रतिशत मात्रै

काँक्रेविहार संवाददाता
सुर्खेत, ७ चैत

कर्णाली प्रदेश सरकारको बजेट खर्च चालु आर्थिक वर्षको आठ महिनामा निराशाजनक देखिएको छ । प्रदेश सरकारले विनियोजन गरेको कुल बजेटमध्ये हालसम्म जम्मा १९.६४ प्रतिशत मात्रै खर्च भएको छ, जसलाई अहिलेसम्मकै कमजोर कार्यान्वयन अवस्थाका रूपमा हेरिएको छ ।

आर्थिक वर्ष सुरु भएको आठ महिना बितिसक्दा पनि विकास निर्माणका योजना अपेक्षाअनुसार अघि बढ्न नसक्दा बजेट खर्च न्यून देखिएको हो । विशेषगरी पुँजीगततर्फको खर्च अत्यन्त कमजोर रहेको छ भने चालुतर्फको खर्च तुलनात्मक रूपमा केही बढेको देखिन्छ ।

प्रदेश सरकारका सम्बन्धित अधिकारीहरूले योजना तयारीमा ढिलाइ, ठेक्का प्रक्रियामा जटिलता, तथा प्राविधिक जनशक्तिको अभावका कारण बजेट कार्यान्वयन प्रभावित भएको बताएका छन् । यस्तै, वर्षायाम र भौगोलिक कठिनाइका कारण पनि निर्माण कार्य सुस्त भएको जनाइएको छ । तर विपक्षी दल तथा सरोकारवालाहरूले भने बजेट कार्यान्वयनमा देखिएको ढिलाइप्रति असन्तुष्टि जनाउँदै सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका छन् । उनीहरूले समयमै योजना कार्यान्वयन नगर्दा विकासमा प्रत्यक्ष असर परेको बताएका छन् । प्रदेश सरकारले भने आगामी चार महिनाहरूमा खर्च दर बढाउने प्रतिबद्धता जनाएको छ । योजनाहरूलाई तीव्रता दिँदै बजेट कार्यान्वयनमा सुधार ल्याउने दाबी छ । बजेट कार्यान्वयनमा यामलाल कँडेल नेतृत्वको कर्णाली प्रदेश सरकार अहिलेसम्मकै कमजोर देखिएको हो । प्रदेश लेखा नियन्त्रकको कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८२/०८३

बाँकी पृष्ठ ४



यस्तो छ, मन्त्रालयगत अवस्था

मन्त्रालयगत रुपमा हेर्दा विकासको बाघडोर सम्हालेको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयकै प्रगति बिजोग छ । यस मन्त्रालयले १० अर्ब ७३ करोड १४ लाख ८३ हजार रुपैयाँ बजेट पाएकोमा हालसम्म मात्र एक अर्ब ५९ करोड ७९ लाख ९३ हजार २२६ रुपैयाँ खर्च गरेको छ । यो कुल बजेटको १४.८९ प्रतिशत हिस्सा हो । त्यस्तै, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको अवस्था पनि उस्तै बिजोगपूर्ण छ । यस मन्त्रालयले तीन अर्ब ५५ करोड ५७ लाख ९३ हजार रुपैयाँ बजेटमध्ये ५२ करोड ९१ लाख ५६ हजार ८३६ रुपैयाँ अर्थात् १४.८८ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

प्रदेशको समृद्धिको मुख्य आधार मानिएको सामाजिक विकास मन्त्रालयले पनि आफ्नो कार्यक्षमता देखाउन सकेको छैन । यस मन्त्रालयको भागमा रहेको दुई अर्ब ७८ करोड ३३ लाख १६ हजार रुपैयाँ बजेटमध्ये हालसम्म जम्मा ३३ करोड २७ लाख ४६ हजार २९२ रुपैयाँ मात्र खर्च भएको छ । जुन कुल बजेटको ११.९६ प्रतिशत हो ।

उता मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हालत झन् कमजोर छ । मात्र ११ करोड १२ लाख ७१ हजार ८९० रुपैयाँ बजेट भएको यो कार्यालयले जम्मा एक करोड ३२ लाख ३३ हजार ३६१ रुपैयाँ अर्थात् ११.८९ प्रतिशत मात्रै खर्च गरेको छ ।

सबैभन्दा दयनीय अवस्था उद्योग, पर्यटन र कृषि क्षेत्रमा देखिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले एक अर्ब ४३ करोड तीन लाख ३१ हजार रुपैयाँ बजेटमध्ये जम्मा सात करोड ६१ लाख ३१ हजार खर्च गरेको छ । यो कुल बजेटको ५.३२ प्रतिशत मात्रै हो । त्यस्तै, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रगति त झनै न्यून छ । यस मन्त्रालयले आफ्नो ६४ करोड १६ लाख २ ९ हजार रुपैयाँ बजेटमध्ये जम्मा दुई करोड ७४ लाख २८ हजार ८७९ रुपैयाँ खर्च खर्च गरेको छ । यो कुल बजेटको ४.२७ प्रतिशत मात्रै हो ।

तर, सानो बजेट भएका केही मन्त्रालयहरूले भने तुलनात्मक रूपमा राम्रो खर्च गरेका छन् । आन्तरिक मामिला तथा कानून मन्त्रालयले ३४ लाख ७७ हजार ११० रुपैयाँ मध्ये दुई करोड १६ लाख ७५ हजार ९९ रुपैयाँ अर्थात् ६२.३४ प्रतिशत खर्च गरेर सबैभन्दा अगाडि देखिएको छ । त्यस्तै, आर्थिक मामिला तथा योजना मन्त्रालयले पनि १३ करोड ७९ लाख रुपैयाँ बजेटमध्ये सात करोड ५१ लाख ७३ हजार ३३० रुपैयाँ खर्च गर्दै ५४.५१ प्रतिशत प्रगति देखाएको छ । ठूला विकास खर्च गर्ने मन्त्रालयहरूको सुस्ततालै कर्णालीमा असारे विकासको प्रवृत्तिले प्रश्रय पाउने र बजेट फ्रिज हुने जोखिम यस वर्ष पनि कायम रहने देखिएको छ ।

पुँजीगत खर्च १० प्रतिशत मात्रै

विकास बजेट कार्यान्वयन कर्णाली प्रदेश स्थापनाकालदेखि नै प्रमुख चुनौती बनेको छ । संघीय सरकारबाट अनुदानका भरमा आएको बजेट नै कार्यान्वयन गर्न नसक्ने भन्दै अहिलेका मुख्यमन्त्री यामलाल कँडेलले पूर्व मुख्यमन्त्रीहरु महेन्द्रबहादुर शाही र जीवनबहादुर शाहीको चर्को आलोचना गरेका थिए । तर उनकै कार्यकालमा पुँजीगत बजेट कार्यान्वयनको अवस्था निकै दयनीय छ । चालु आर्थिक वर्षमा १९ अर्ब ९८ करोड २७ लाख वार्षिक पुँजीगत बजेट रहेकोमा आठ महिनाको अवधिमा दुई अर्ब ५९ करोड १४ लाख १२ हजार मात्रै कार्यान्वयनमा आएको छ, जुन कुल पुँजीगत बजेटको १२.९७ प्रतिशत मात्रै हो ।

गत वर्ष (२०८१/०८२) मा यो अवधिमा १५ प्रतिशत बजेट कार्यान्वयनमा आएको थियो, भने २०७९/०८० मै १६ प्रतिशत रकम कार्यान्वयमा आएको थियो । सरकार पक्षले भने बजेट कार्यान्वयनमा ढिलाइ हुनुका कारण विभिन्न आन्दोलन र राजनीतिक गतिविधिलाई देखाउने गरेको छ । तर यसलाई विपक्षी र सरोकारवालाहरूले बहानामात्रै भएको टिप्पणी गरेका छन् । यस विषयमा प्रदेशसभामा पनि गम्भीर बहस भएको छ । राप्रपा संसदीय दलकी नेता तथा सांसद सन्तोषी शाहीले विकास बजेटको न्यून कार्यान्वयनलाई सरकारको असफलताको सूचक भन्दै कडा टिप्पणी गरेकी हुन् । सधैं केन्द्रलाई दोष दिने गरेको स्मरण गराउँदै उनले स्रोत पुगेन, बजेट कम भयो भन्नुको सट्टा आएको बजेटसमेत खर्च गर्न नसक्नु नै समस्या रहेको बताइन् ।

'आन्दोलन वा चुनावलाई कारण देखाएर जिम्मेवारीबाट पन्छिन मिल्दैन । सरकारसँग अब परिणाममुखी कामको अपेक्षा गर्नुपर्ने समय आएको छ' उनले भनिन्, 'बजेट कार्यान्वयनको कमजोर अवस्था पुरानै समस्याका रुपमा निरन्तरता पाएको छ ।

निर्वाचनमा ३ सय ५० बालअधिकार उल्लङ्घनका घटना

काँक्रेविहार संवाददाता
काठमाडौं, ७ चैत

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लङ्घनका घटना दर्ता भएको देखाएको छ ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिकासम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ । निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ ।

निर्वाचन प्रचारका क्रममा रौतहटको ईशनाथ नगरपालिका-४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको



गाडी ठक्करबाट मृत्यु भएको थियो। धनुषा जिल्ला मिथिला नगरपालिका-९ मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शङ्कास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए । पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियार सहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो ।

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिह्न बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउने जस्ता गतिविधिहरू गरिएको थियो । कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

विद्यालय पोशाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौती पु-याएको अध्ययनले देखाएको छ । अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लङ्घन गरेका छन् ।

अभिभावकले बालबालिकामार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोऱ्याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने

बाँकी पृष्ठ ४

क्षयरोगबाट बचौं र बचाऔं ।

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरून्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

उपभोक्ता आत्तिनुपर्ने अवस्था छैन

सुर्खेतमा एलपी ग्याँस तथा पेट्रोलियम पदार्थको आपूर्तिसम्बन्धी पछिल्लो अवस्थाले एक महत्वपूर्ण सन्देश दिएको छ । संकटभन्दा ठूलो समस्या हाम्रो मनोविज्ञान र व्यवहारमा लुकेको प्रष्ट भएको छ । जिल्ला प्रशासन कार्यालयले गरेका निर्णयहरू हेर्दा आपूर्ति प्रणाली पूर्ण रूपमा धराशायी भएको अवस्था होइन, बरू त्यसलाई व्यवस्थित र पारदर्शी बनाउन खोजिएको स्पष्ट देखिन्छ । तर बजारमा फैलिएका हल्ला र अनावश्यक डरले वास्तविक अवस्थाभन्दा ठूलो संकटको आभास गराइरहेको छ । प्रशासनले विक्रेतालाई दैनिक अभिलेख राख्न लगाउने, प्राथमिकतामा कमजोर समूहलाई राख्ने, र खुला रूपमा पेट्रोलियम पदार्थ बिक्रीमा रोक लगाउने निर्णयहरू गरेको छ । यी निर्णय समयसापेक्ष र आवश्यक छन् । यस्ता कदमले मात्र बजारमा अनुशासन कायम राख्न सक्छ । तर यस्ता नीतिहरू प्रभावकारी बन्नका लागि केवल सरकारी पहल मात्रै पर्याप्त हुँदैन । व्यवसायी र उपभोक्ता दुवैको जिम्मेवार व्यवहार अपरिहार्य हुन्छ ।

विशेषगरी उपभोक्ताको भूमिकामा गम्भीर प्रश्न उठ्छ । आवश्यकता भन्दा बढी ग्याँस सञ्चिति गर्ने प्रवृत्तिले कृत्रिम अभाव सिर्जना गर्छ । एक व्यक्तिको 'सुरक्षाको भावना' अर्काको 'अभावको पीडा' बन्न सक्छ । यस्तो अवस्थामा संयमता र सहकार्य नै समाधानको मार्ग हो । प्रशासनले बारम्बार 'आत्तिनु पर्ने अवस्था छैन' भन्ने सन्देश दिइरहँदा पनि यदि बजारमा त्रास फैलिरहन्छ भने त्यसको मूल कारण हाम्रो अविश्वास र अफवाहप्रति आकर्षण हो । सुर्खेतमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र दुरूपयोग नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय सुर्खेतले थप कडाइका उपायहरू लागू गर्ने निर्णय गरेको छ । सरोकारवालासहितको समन्वय बैठकले खुला रूपमा बोतल, जर्किन लगायतका भाँडामा पेट्रोलियम पदार्थ बिक्री वितरण गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गर्ने निर्णय पनि गरेको छ । निर्णयअनुसार अब कुनै पनि व्यवसायीले खुला रूपमा पेट्रोलियम पदार्थ बिक्री गर्न पाउने छैनन् । यसले अवैध कारोबार नियन्त्रण गर्नुका साथै सुरक्षाजन्य जोखिम न्यूनीकरणमा सहयोग पुग्ने विश्वास गरिएको छ । बैठकले राष्ट्रिय गौरवका तथा विकास निर्माण आयोजनाहरू–जस्तै सडक, सिँचाइ, खानेपानी, विद्युत तथा कृषि क्षेत्रका अत्यावश्यक कार्यका लागि आवश्यक इन्धन सम्बन्धित कार्यालयको सिफारिसमा उपलब्ध गराउने व्यवस्था गर्ने निर्णय पनि गरेको छ । यस्ता इन्धनको दुरूपयोग नहोस् भन्ने सुनिश्चित गर्न नेपाल आयल निगम मार्फत आपूर्ति गरिनेछ, भने सम्बन्धित विक्रेताले यसको अभिलेख अनिवार्य रूपमा निगमलाई उपलब्ध गराउनुपर्नेछ ।

प्रशासनले यी निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्दै अनुगमनलाई थप सुदृढ बनाउने जनाएको छ । भने अर्कोतर्फ, सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सूचनाले आगोमा घिउ थप्ने काम गरिरहेको छ । प्रहरी प्रशासनले यस्तो गतिविधिमाथि निगरानी बढाउनु सकारात्मक कदम हो, तर दीर्घकालीन समाधान भनेको नागरिक स्वयं सचेत हुनु हो । कुनै पनि सूचना सेयर गर्नुअघि त्यसको सत्यता जाँच्ने बानी बसाल्नु आजको आवश्यकता हो । ऊर्जा व्यवस्थापनको सन्दर्भमा विद्युतीय चुल्होतर्फ आकर्षण बढाउने प्रशासनको आग्रह पनि दूरदर्शी कदम हो । यसले तत्कालीन दबाब कम गर्नुका साथै दीर्घकालीन रूपमा दिगो समाधानतर्फ लैजान सक्छ । सुर्खेतको वर्तमान अवस्था संकटको भन्दा पनि व्यवस्थापन र मनोवृत्तिको परीक्षा हो । यदि सबै पक्ष–सरकार, व्यवसायी र नागरिक–आफ्नो जिम्मेवारीप्रति सचेत भए भने भविष्यमा यस्ता परिस्थितिहरूलाई अझ परिपक्व रूपमा सामना गर्न सकिनेछ । अफवाह होइन, तथ्यमा विश्वास गरौं । आत्तिनु होइन, सहकार्य गरौं । यही अहिलेको सबैभन्दा आवश्यक सन्देश हो । त्यसैले उपभोक्ता आत्तिनुपर्ने अवस्था छैन ।

रविको विनम्रता र बालेनको मौनताको अर्थ

रास्वपाले नेपालको इतिहास, विश्वमा उसको स्वतन्त्र अस्तित्वको निरन्तरता र त्यसको कारकहरुलाई कत्तिको चिनेको या बुझेको छ, त्यो उसका भावी कदम र वैदेशिक र सुरक्षा मामिलासम्बन्धी निर्णायले देखाउने छ ।



✍ युवराज घिमिरे

मौनता धर्मको अभ्यास, स्वाध्याय तथा आत्मानुसन्धानका लागि महत्वपूर्ण गुण, शैली र चरित्र मानिन्छन् । तर, सबै मौनतामा सकारात्मक पक्ष मात्र हुन्छन् भन्न सकिन्न ।

मुलुकका भावी प्रधानमन्त्रीका रूपमा परिचित बालेन्द्र शाह अर्थात् बालेन शाह निर्वाचन नतिजा आएपछि पूर्ण मौनको स्थितिमा छन् । सार्वजनिक कार्यक्रममा उनको उपस्थिति देखिएको छैन । चुनावी सफलतापछि उनले कुनै सार्वजनिक अभिव्यक्तिसमेत दिएका छैनन् ।

भारतीय तथा भुटानी प्रधानमन्त्रीको अभिवादन तथा बधाई सन्देशको प्रत्युत्तरमा दुवै मुलुकसँगको सम्बन्धले थप उचाइ पाउने अभिव्यक्ति दिएका छन् ।

राजधानीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का निर्वाचित प्रतिनिधिहरूको अभिमुखीकरण तालिममा उनी दुवै दिन अनुपस्थित रहे । बालेन शाहलाई यसअघि व्यक्तिहरूले एउटा च्यापरका रूपमा र विगत ३ वर्ष काठमाडौंका मेयरका रूपमा देखेका छन् । उनीबारे व्यक्तिहरूको मिश्रित भाव या लेखाजोखा छ । तर, आफ्ना सांसदहरू या आफूजस्तै जनप्रतिनिधिसँग नमिसिने तथा आवश्यक र नापेतौलेको अभिव्यक्तिसमेत नदिँदा भावी प्रधानमन्त्रीको स्वभाव तथा प्रवृत्तिबारे अनेक अड्कलबाजी भइरहेका छन् ।

काठमाडौंका मेयरका रूपमा उनलाई सक्रिय र योजनाबद्ध हिसाबले काम गर्ने व्यक्तिका रूपमा धेरैले बुझे । अमेरिकाको टाइम म्यागजिनले दुई वर्षअघि नै विश्वका १०० नवोदित युवा नेताका रूपमा उनलाई प्रस्तुत गऱ्यो तर त्यो हैसियत फेला पार्न उनले के गरे, त्यसको खासै चित्तबुझ्दो व्याख्या छैन आलेखमा । जे होस्, बालेनले त्यो भविष्यवाणीलाई सही साबित गरेका छन् ।

तर, प्रधानमन्त्रीका रूपमा र जननिर्वाचित सांसदप्रति उत्तरदायी सरकार प्रमुखका रूपमा उनले संसदमार्फत मुलुकलाई धेरै विषयमा आश्वस्त गर्नुपर्ने तथ्य स्पष्टीकरण दिनुपर्ने हुन्छ । अमेरिकी सञ्चारसँग वार्ता गर्न रमाउने नेताले नेपाली जनतालाई किन उपेक्षा गरिरहेका छन् त?

त्यस अर्थमा बालेन शाहले अहिलेसम्म अपनाउँदै आएको मौनतालाई तपाईंको यो मौनता सुनौलो छ भनेर केही सांसद या उनका कार्यकर्ताले भन्न सक्लान् तर आमजनताले भन्ने छैनन् । तीन सातादेखि उनी सम्भवतः काठमाडौंको केन्द्रमा रहेको कुनै तारे होटलमा रहिआएका छन् । यद्यपि, उनलाई मानिसहरूले नगरकोट या धुलिखेल या विभिन्न पर्यटकीय स्थलमा देखको दाबी गरेका छन् ।

तर, भावी प्रधानमन्त्रीमा एउटा सानो समूहसँग रमाउने प्रवृत्ति देखिए पनि राजनीतिक दलको निर्धारित कार्यक्रममा नजाने अनि सरकारका नीति, कार्यक्रम र योजनाबारे मौन रहनुले केही उनमा गम्भीरता र उद्देश्यको स्पष्टता नभएको त हैन भन्ने प्रश्न उठ्छ नै! भावी नेतृत्व तथा प्रतिनिधिहरूको छनोटमा सर्वपक्षीय तथा प्रतिस्पर्धात्मक दल तथा नेताहरूबीच वादविवाद र बहसको पक्षमा उभिएको रास्वपाले आफ्नै नेताको मौनताबारे नबोल्ला अहिले तर पछि यो विवादको विषय बन्नेछ । अहिले बालेन र रास्वपाको कार्यशैली र प्राथमिकताबारे अनेक अड्कलवाजी चलिरहेका छन् ।

केही सामाजिक सञ्जालमा उनी दुई वर्षसम्म कुनै मुलुकको भ्रमणमा नजाने, मन्त्रिपरिषद्को बनोटमा मौलिक परिवर्तन गरी गैरसांसद मात्र मन्त्री बन्ने व्यवस्था गर्नेजस्ता दावी बाहिर आएका छन्, जुन सायद उनको चाहनाको निकट छ । तर, यति महत्वपूर्ण विषयमा पार्टीका तर्फबाट समेत स्पष्ट नगरिनु सामान्य हैन ।

उनको चाहना र संवैधानिक व्यवस्था फरक कुरा हुन् । नेपालमा सरकारको अस्थिरता र छिटो-छिटो प्रधानमन्त्री फेरिँदा विदेश, खासगरी भारत र चीनलाई नेपालको प्रधानमन्त्रीलाई त्यहाँ भ्रमणमा बोलाइहँन एकातिर खर्चिलो हुने, अर्कोतिर सरकारमा नीतिगत स्थायित्व नरहँदा विदेशीहरू नेपाली नेतृत्वसँग असहज महसुस गर्ने गर्थे ।

तर, त्योसँगै विदेश गएको अवस्थामा नेपाली नेताहरूले, खासगरी प्रधानमन्त्रीहरूले पटक-पटक आफ्नै पदको अवमूल्यन र राष्ट्रको छवि धमिलो पारेर फर्किने गरेका छन् ।

दिल्लीले उनीहरूलाई 'विस लिस्ट' माग्न भन्ने गरेको छ । नेपालका प्रधानमन्त्रीले अक्सर 'विस्ट लिस्ट' अन्तर्गत आफ्नै चुनावी क्षेत्रमा कुनै ठोस परियोजना माग्ने गरेका छन् ।

शेरबहादुर देउवाले डडेलधुरामा एउटा स्टेडियम मागे । नेपालका प्रधानमन्त्रीले आफूलाई एउटा मुलुकको प्रधानमन्त्री हैन, एउटा क्षेत्रको प्रतिनिधिका रूपमा प्रस्तुत गर्ने र त्यो चुनाव जित्न दिल्ली या बेइजिङको सहारा लिने गरेको प्रसंग त्यति सुखद हैन । तर, बालेनले के गर्लान् दुई वर्षको अवधिमा? दिल्ली जानु नपरे राम्रो तर गएमा पनि नेपालको प्रधानमन्त्रीले आफूलाई त्यही सम्मान, मर्यादा र हैसियतमा राख्न सक्नु चुनौतीपूर्ण हो ।

केपी ओली महाकाली सन्धि प्रकरणको पक्षमा लाग्दै गर्दा त्यो लागू भएमा नेपालले बर्सेनि १२० अर्ब फाइदा हुने प्रोपोगान्डा गरे त्यसबेला दिल्लीका खास मित्र बने । तर, परियोजना कार्यान्वयन थन्किँदा त्यसलाई रद्द गर्नुपर्छ भन्न नसक्नु ओलीको ठूलो कमजोरी थियो ।

रास्वपाले नेपालको इतिहास, विश्वमा उसको स्वतन्त्र अस्तित्वको निरन्तरता र त्यसको कारकहरूलाई कत्तिको चिनेको या बुझेको छ, त्यो उसका भावी कदम र वैदेशिक र सुरक्षा मामिलासम्बन्धी निर्णायले देखाउने छ ।

कुनै मुलुक जानु र नजानु राष्ट्रिय हित र आवश्यकताले निर्देशित गर्ने कुरा हो, निजी अडानले होइन । प्रधानमन्त्री कहाँ जान्छन् र जाँदैनन्, के बोल्छन् र बोल्दैनन् दुवै परिस्थितिले अर्थ राख्छ ।

फागुन २१ को चुनाव र त्यसको नतिजापछि केही परिवर्तनका संकेत देखिएको छ नेपालमा । हिजो सत्तामा उपप्रधानमन्त्री रहेका र भ्रष्टाचारविरुद्ध काम गर्न लागेकाले हटाइ 'झुटा मुद्दा' मा फसाइएको आरोप खासगरी ओली र शेरबहादुर देउवामाथि लगाउँदै आएका रवि लामिछानेले रास्वपा सांसद अभिमुखीकरणका अवसरमा फरक रूपमा र अति विनम्र रूपमा प्रस्तुत गरे आफूलाई ।

उनी सर्धैंजस्तै आक्रामक, अरु भ्रष्ट र म मात्र इमानदार रूपमा पेस भएनन्, पीडितको मनोविज्ञानबाट ग्रस्त देखिएनन् यसपटक । त्यो 'विनम्रता' रणनीतिक पनि हुन सक्छ । चीन र भारतका आधिकारिक तहले उनलाई 'प्रधानमन्त्री' बालेन शाहजस्तै शक्तिकेन्द्र मानेर बधाई दिँदै सहकार्यको अपेक्षा गरेका छन् ।

'प्रधानमन्त्री'सँगै पार्टीका अध्यक्षलाई त्यसरूपमा छिमेकी शक्तिले मान्यता दिइएका स्वाभाविक कूटनीतिक अभ्यास हैनन् यी । तर, प्रतिस्पर्धात्मक कूटनीतिमा यस्ता अभ्यास हुन्छन् नै! 'हामी दुवै मिलेमा बलियो हुन्छौं या म ऊभन्दा कम हैसियत राख्दिनँ' भन्थे कुन मान्यताबाट यी नेता अघि बढ्छन् त्यो भोलि स्पष्ट हुने कुरा हो ।

नेपाली राजनीतिक दल र नेतामा दासत्वको चरित्र छ । उनीहरू नेपाली जनताको जनादेशभन्दा विदेशीको 'मान्यता' लाई बढी महत्व दिन्छन् र आन्तरिक राजनीतिमा पनि उनीहरूलाई भित्र्याउँछन् । १२ बुँदेअन्तर्गत माओवादी तथा सात दलले भारतको मध्यस्थता स्विकारी नेपाल शान्ति प्रक्रिया तथा राजनीतिमा नेपालीलाई प्रक्रियाबाहिर राखी राजसंस्था उन्मूलन गर्नु एउटा कलंकित दासत्वको उदाहरण हो, त्यसको समीक्षा र सुधार नगर्दासम्म नेपालको आत्मसम्मान, स्वतन्त्र हैसियत र क्षमता कलंकित नै रहनेछ । यो अवसर हो दुई तिहाइ बहुमतको सरकारका लागि माओवादी, कांग्रेस, एमाले, नेकपा तथा तराई केन्द्रित दलहरूलाई राष्ट्रियता र प्रजातन्त्रको पक्षमा जवाफदेही बनाउने ।

यो अवसर पनि कांग्रेसको नयाँ नेतृत्वका लागि पनि ठूलो अर्थ राख्छ । आफ्नो राष्ट्रिय मेलमिलापको नीति त्यागी भारतको उक्साहटमा माओवादीको 'बी' टिम बनेकोमा पछुतो मान्दै नीति र निर्णय सुधार्ने अवसर हो यो । यो जनादेशले नेपाली सेनाका लागि पनि एउटा सन्देश दिएको छ, श्याम सरणको प्रोपोगान्डा खण्डन गर्न, नेपाली जनता मार्न ०६३ मा राजा ज्ञानेन्द्रको कुनै आदेश थिएन । वास्तवमा, जनआन्दोलनमा आत्मरक्षामा बाहेक गोली नचलाउने निर्णय र संस्थागत विवेकमा परमाधिपति श्री ५ ज्ञानेन्द्र शाह र शाही नेपाली सेनामा एकमत थियो ।

उनको दबाबका कारण सेना पछि हटेको थिएन । तर, नेपाली सेनाको मौनताले सेना परमाधिपति र आफ्नो संस्थाबाट हैन, भारतीय चाहनाअनुसार उसको .एजेन्डामा चल्छ भन्ने सन्देश फैलिएको छ ।

त्यो तथ्यलाई खासगरी आफ्नो स्थापनाको ऐतिहासिक पृष्ठभूमि, परम्परा र मान्यतालाई निरन्तरता दिँदै आएको नेपाली सेनाले संस्थागत रूपमै बाहिर ल्याउनु आवश्यक छ । जेनजी विरोध प्रदर्शनपछि नेपाली सेनाले सिभिलियन सर्वोच्चताको पक्षमा जसरी सहयोगी या निर्णायक भूमिका खेल्यो सत्ता लिने सम्भावनालाई बेवास्ता गर्दै यसले उसलाई एउटा मर्यादित र सम्मानित राजकीय संस्थाका रूपमा स्थापित गरेको छ जनताको नजरमा । ०६३ यता खासगरी पटक-पटक विदेशी उक्साहटमा राजनीति गरेको माओवादीले सेनालाई विघटन र अपमानतर्फ धकेलेको अनेक उदाहरण छन् ।

संक्रमणकालीन न्यायमा माओवादी नेतृत्वलाई कानुनभन्दा माथिको हैसियत प्रदान गर्न १२ बुँदेको सबै दल, खासगरी कांग्रेस र एमाले लागेकै हुन् ।

के रास्वपाले शान्ति प्रक्रिया र त्योसँग जोडिएका राजनीतिक परिवर्तनका सन्दर्भमा संक्रमणकालीन न्यायलाई पूर्णता देला?

रास्वपाले नेपालको इतिहास, विश्वमा उसको स्वतन्त्र अस्तित्वको निरन्तरता र त्यसको कारकहरूलाई कत्तिको चिनेको या बुझेको छ, त्यो उसका भावी कदम र वैदेशिक र सुरक्षा मामिलासम्बन्धी निर्णायले देखाउने छ । 'घुस लिन्या र दिन्या' लाई उसले कसरी हेर्नेछ, सन्तुलित विदेश नीतिमा बाह्य स्वार्थ र नेपालको आन्तरिक राजनीतिमा वैदेशिक हस्तक्षेपलाई कसरी चुनौती दिनेछ या क्षेत्रीय या बाह्य स्वार्थलाई 'स्वीकारेर अघि बढ्नुपर्छ भनी नयाँ सत्ताधारी पार्टीभित्रैबाट सुनिन थालेको ' आवाजलाई उसले कसरी लेला? परीक्षणको घडी अब शुरु भएको छ । विदेशीसँगको डिलिङमा विनम्रता र मौनता आवश्यक हुन सक्ला तर यसले हाम्रा नवोदीत नेताहरूले नेपालको स्वार्थ र हित बोकेको अर्थ दिँदैन ।

आउने सरकारलाई सुझाव : भ्रष्टाचारीप्रति निर्मम हुने र युवा आवाजलाई सुन्ने



ह्विमले होस् या मतदाताको सचेत निर्णयले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै दुईतिहाइ मतसहितको जित हासिल गरिसकेको छ । यो यथार्थ र वर्तमान हो । यस अवस्थासम्म आइपुग्न हामीलाई जेन-जी आन्दोलन र त्यसपछिका घटनाक्रम मात्र पर्याप्त थिए वा यसरी अप्रत्याशित नतिजा आउनुमा वर्षौंदेखि उही पुराना दल, पुराना एजेन्डा र सदावहार दोषारोपणको प्रवृत्तिले मतदातालाई प्रेरित गरेको हो ?

चुनावको नतिजा अन्य कारणहरूले गर्दा हुन सक्ने अवस्था छँदै छ, चुनाव आफैंमा जेन-जी आन्दोलनकै परिणाम हो । र, जेन-जी आन्दोलन हुनुमा मुलुकमा व्याप्त भ्रष्टाचार, युवाहरूबीच बढ्दै गएको नैराश्यता, रोजगार र अवसरका क्षेत्रमा योग्यता नभई नातावाद र कृपावाद, राजनीतिक दलहरूबीचको दोषारोपण र नेतृत्वहरूमा भएको जवाफदेहिताको कमीकै कारण थियो ।

यो सबैबीच चर्चामा त्यति नआएको अर्को कारण भनेको युवाहरूको आवाजलाई हल्का रूपमा लिनु हो । देशको नेतृत्व तहमा प्रायः ६० काटेका वृद्ध समूहको बाहुल्य थियो, जसले आधुनिक युगका युवाका चाहना, आवश्यकता र धारणालाई बुझ्ने सकेका थिएनन् । आफू राजनीतिमा छिर्दाको परिवेश र अहिलेको परिवेश धेरै परिवर्तन छ भन्ने हेक्का शीर्ष दलका नेताहरूलाई भएन ।

अहिलेका युवाले विश्व राजनीति इन्टरनेट र प्रविधिको माध्यमले नियालिराखेका छन् र उनीहरू हरेक तह र तप्कामा जवाफदेहिता खोज्छन् भन्ने सामान्य चेत नराखेर आफैं मात्र सर्वाङ्गीण रूपले सुसूचित छु भन्ने भ्रमका कारण पनि जेन-जी आन्दोलनको जन्म भएको हो । युवाहरूलाई आफ्नो परिवारका कमसेकम एक सदस्य विदेशिनुपरेको बाध्यताले पिरोलिरहेको थियो । कारणहरू विविध भए पनि मूलतः जेन-जीहरूमा व्याप्त चरम निराशा नै उक्त आन्दोलनको मूल जड हो । जेन-जी आन्दोलनको परिणामस्वरूप भएको आमनिर्वाचनको नतिजा यतिबेला हामीसमक्ष आइसकेको छ । निर्वाचनको परिणाम आएसँगै आगामी दिनलाई लिएर विभिन्न चर्चा, बहस र छलफल पनि हुँदै आएको छ । यसै सन्दर्भमा अबका दिनमा बहुमतप्राप्त दलको हैसियतले रास्वपालाई सत्तासाझेदार दलको असहयोग र अस्थिर सरकारजस्ता बहाना बनाउने अवस्था रहेन । तर, यसो भन्दैमा दशकौंदेखि बिग्रिएको प्रणाली, देशभर व्याप्त भ्रष्टाचार, दलगत हावाले छोएको कर्मचारीतन्त्र र सुस्त सरकारी सेवालाई नेतृत्वमा आएकै दिन एक चुट्कीमा सहजीकरण गर्न सकिँदैन ।

देशलाई पाँचदेखि दश वर्षमा स्वीट्जरल्यान्ड लाने दलहरू नेपालले २०औं वर्षअघि पाइसकेको थियो । तर, अहिलेको अवस्थामा नेपालीहरूले देशलाई स्वीट्जरल्यान्डभन्दा पनि नेपालकै रूपमा देख्न चाहेका छन्, जसमा धेरै ठूला अपेक्षा नभई दैनिक जीवनमा सहजता र सरलताको अपेक्षा गरेको देखिन्छ ।

सुझावहरू

अब आउने नयाँ सरकारले सर्वप्रथम सरकारी सेवाहरूलाई प्रविधिमैत्री र झन्झटमुक्त बनाउनुपर्छ । एक व्यक्ति १८ वर्ष पुगेपछि नागरिकता बनाउनका लागि पहिलोपल्ट सरकारी सेवा लिन जिल्ला प्रशासन कार्यालय पुग्छ । त्यहाँ पुगेपछि बस्नुपर्ने लाइन, लाइन मिच्दै कसैलाई चिनेकै आधारमा पालो मिचिनु, घन्टौं लाइन बसिसकेपछि पनि केही सामान्य कागजपत्र नपुगेकाले अर्को दिन फेरि जानुपर्ने झन्झट यो आममानिसले भोग्ने समस्या हो ।

सामान्य एउटा कागजात बनाउन आवश्यक विधि र प्रक्रियाका बारेमा इन्टरनेट र वेबसाइटमा खोज्दा पनि नपाउने बाध्यता, सम्बन्धित निकायमा पुगेर सोध्दा पाइने रुखो जवाफ, सूचना डेस्कमा सम्बन्धित कर्मचारीको अनुपस्थितिलगायत देख्दा सानो तर गहिरो प्रभाव छोड्ने प्रक्रियागत ढिलासुस्तीले आमनागरिकमा सरकारी सेवाप्रति दिक्दारी र अविश्वास बढ्छ ।

निजी विद्यालयले लिने अत्यधिक शुल्क, अतिरिक्त क्रियाकलापको नाममा उठाइने महँगो रकम, समाजमा विद्यालय छनोटले मापन गर्ने सामाजिक हैसियत पनि नियन्त्रण गर्नुपर्छ । सरकारी विद्यालय र निजी विद्यालय शिक्षाको स्रोतभन्दा पनि सामाजिकस्तरको मापक हुनु दुःखद छ ।

त्रिभुवन विश्वविद्यालयजस्तो देशकै ठूलो र पुरानो शैक्षिक संस्थानमा विद्यार्थीहरूले दिनहुँ भोग्नुपर्ने प्रशासनिक झन्झट फेरि बेग्लै छ । कतिपय सुविधाहरू अनलाइन गर्ने भनिए पनि हात्ती छिऱ्यो पुच्छर अड्कियोजस्ता बाधाहरू उस्तै छन् । विद्यार्थीले अन्ततः क्याम्पस प्राङ्गणमा पुगेर लाइन बस्नु नै पर्छ भने अनलाइनमा गरिने सामान्य सुरुवाती पक्रियाले के फरक पर्छ ? आफ्नै सर्टिफिकेट, मार्कसिट लिन पनि घन्टौं लाइन र एक दिनमा काम नसकिने बाध्यता हामीसँग छ ।

अझै उपत्यकाबाहिरका विद्यार्थीहरू सामान्य सोधपुछका लागि पनि वेबसाइटमा पर्याप्त सूचना अभाव र फोन उठ्न गाह्रो हुने समस्याका कारण काठमाडौंमा कसैलाई बिन्ती गर्नुपर्ने बाध्यता पनि रहिआएको छ । सामान्य जानकारी लिन पनि ढोकाहरू ढकढक्याउनुपर्ने, बिहान ७/८ बजेदेखि लाइन बस्दा पनि १० बजे कर्मचारी नआइपुग्ने, एकातिर लाइन बस्दा अर्कोतिर लम्बिनेजस्ता समस्या रहँदै आएका छन् ।

यस्तोमा फेरि त्यहाँ कोही चिनजानका हुनेहरूको कथा अर्कै हुने गर्दछ । यसरी आफ्ना कामहरू थाती राखी, छुट्टी नै लिएर जाँदा पनि एक दिनमा काम सकिनु ठूलै उपलब्धि साबित हुने गर्दछ । यस्ता सरकारी प्रणालीहरूलाई प्रविधिमैत्री बनाउँदै सूचना र सुविधालाई व्यवस्थित गर्नु पनि नयाँ आउने सरकारको प्रमुख काम हुनुपर्दछ ।

युवाहरूमा व्याप्त अर्को गुनासो भनेको, पढाइअनुसारको जागिरका अवसर नपाउनु हो । निजामती सेवामा केही निश्चित योग्यता र विषयअनुसार र एकीकृत विज्ञापन खुले पनि देशमा व्याप्त बेरोजगारीका कारण सीमित सिटका लागि एकदम धेरै प्रतिस्पर्धा हुने गर्दछ । एउटा तहका लागि दुई/चार वर्ष तयारी गर्नुपर्ने अवस्था र सो अवधिमा परिआउने आर्थिक बोझले विद्यार्थीहरू आजित छन् । योबाहेक श्रमबजारमा योग्यताअनुसारको रोजगारीको खडेरी छ । सकेसम्म नातावाद र कृपावादले आफ्ना मान्छे नियुक्त गर्ने, प्रतिस्पर्धा गर्ने तर प्रक्रियामा धाँधली गर्ने, भनसुन नगरी योग्यता पुग्दा पनि जागिर खान नपाइने बाध्यता रहँदै आएको छ । यस्तै, बाध्यताले पनि युवाहरू शैक्षिक योग्यता हुँदाहुँदै पनि विदेशिन बाध्य छन् । पढ्दै काम गर्ने अवस्था सिर्जना नभएकाले स्नातक तह पुग्दासम्म पनि परिवारको भर पर्नुपर्ने बाध्यता, सामान्य रोग लाग्दा पनि सर्वस्व गुम्ने अवस्थाले युवाहरू विदेश पलायन हुन बाध्य छन् ।

यसका साथै, शिक्षा र स्वास्थ्य देशको आधारभूत आवश्यकता हो । यी दुई क्षेत्रमा सहजीकरण, सवलीकरण र गुणस्तरीयता सुनिश्चित गर्नु आगामी सरकारको प्राथमिकताको विषय रहनुपर्छ ।

सरकारी अस्पतालहरूमा ल्याइएको टोकन सिस्टम अझै व्यवस्थित, कर्मचारी र डाक्टरका चिनजान भन्दै घुसाउने प्रवृत्तिमा रोक, सामान्य टाउको दुखेर अस्पताल जाँदा पनि एउटा रगतको रिपोर्ट आउन एक हप्ता कुर्नुपर्ने बाध्यतालाई समाधान गरिदिँदा पनि सामान्य नागरिकले धेरै सहजता महसुस गर्छन् । निजी अस्पतालको मनलाग्दो शुल्क र सरकारी अस्पतालमा सामान्य परीक्षण र रोग पहिचान गर्न लाग्ने समयले गर्दा बिरामीहरू मर्कामा पर्दै आएका छन् । हाल स्थगित भएको बीमा कार्यक्रमलाई ब्युँताई अझै प्रभावकारी बनाएर हप्तौं लाग्ने सेवामा समय व्यवस्थापन गर्न सरकारले पहल गर्नुपर्छ ।

उसैगरी, निजी विद्यालयले लिने अत्यधिक शुल्क, अतिरिक्त क्रियाकलापको नाममा उठाइने महँगो रकम, समाजमा विद्यालय छनोटले मापन गर्ने सामाजिक हैसियत पनि नियन्त्रण गर्नुपर्छ ।

सात केन्द्र निर्धारण, १ हजार ३ सय विद्यार्थी सहभागी हुँदै



काँक्रेविहार संवाददाता
हुम्ला, ७ चैत

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा हुम्ला जिल्लाबाट करिब १ हजार ३०० विद्यार्थी सहभागी हुने भएका छन् ।

नियमित, पूरक तथा ग्रेडवृद्धि समूहका विद्यार्थीहरू परीक्षामा सहभागी हुने शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ ।

एकाइ प्रमुख सविता उपाध्यायका अनुसार नियमिततर्फ ५१८ छात्र र ४७९ छात्रा गरी कुल ९९७ विद्यार्थी परीक्षामा सहभागी हुने छन् । त्यस्तै पूरक तथा ग्रेडवृद्धितर्फ १२४ छात्र र १७९ छात्रा गरी ३०३ विद्यार्थी सहभागी हुनेछन्। यी सबै विद्यार्थी साधारण तथा प्राविधिक धारामा परीक्षा दिनेछन् ।

आगामी चैत १९ गतेबाट सुरु हुने एसइई परीक्षाका लागि जिल्लामा सात वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

नियमअनुसार प्रत्येक परीक्षा केन्द्रमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्षको जिम्मेवारी दिइनेछ ।

निर्धारित परीक्षा केन्द्रहरूमा मानसरोवर नमूना माध्यमिक विद्यालय सिमकोट, हिमज्योति माध्यमिक विद्यालय सर्केगार्ड, सूर्योदय माध्यमिक विद्यालय श्रीनगर, अदानचुली मदानदेव माध्यमिक विद्यालय, ताँजाकोट सीता माध्यमिक विद्यालय, खार्पुनाथ माध्यमिक विद्यालय र महाबौद्ध माध्यमिक विद्यालय नाम्खा रहेका छन् ।

जिल्लाभर शान्तिपूर्ण र व्यवस्थित रूपमा परीक्षा सञ्चालन गर्ने तयारी पूरा भएको सम्बन्धित निकायले जनाएको छ ।

धान जोन व्यवस्थापन समिति पुनर्गठन

काँक्रेविहार संवाददाता
सल्यान, ७ चैत

सल्यान जिल्लामा धान जोन व्यवस्थापन समिति पुनर्गठन गरिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइको आयोजनामा पुरानो समितिको कार्यकाल समाप्त भएपछि नयाँ नेतृत्व चयन गरिएको हो । भेलाबाट हिमाल योगीको संयोजकत्वमा ९ सदस्यीय नयाँ समिति गठन गरिएको छ । नवगठित समितिले कुमाख गाउँपालिका, शारदा नगरपालिका, छत्रेश्वरी गाउँपालिका र त्रिवेणी गाउँपालिकालाई कार्यक्षेत्र बनाएर किसान र परियोजनाबीच समन्वय गर्ने जिम्मेवारी पाएको छ । भेलामा चारवटै स्थानीय तहका कृषि समूह, सहकारी संस्था तथा व्यक्तिगत फार्ममा संलग्न किसानहरूको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले कृषि उत्पादनसँग सम्बन्धित समस्या, आवश्यकता र किसानका हक-हित संरक्षणका विषयमा आफ्ना धारणा व्यक्त गरेका थिए । कार्यक्रममा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइका प्रमुख अनिल वानियाले नवगठित समितिलाई सक्रिय रूपमा किसानको पक्षमा काम गर्न आग्रह गरे । उनले धान खेतीको विस्तार, उत्पादन वृद्धि र आधुनिकीकरणका लागि समितिको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्दै परियोजनाबाट आवश्यक सहयोग निरन्तर उपलब्ध गराइने बताए ।

नयाँ समितिले आगामी दिनमा धान उत्पादन वृद्धि, बजार व्यवस्थापन तथा कृषि क्षेत्रमा नयाँ प्रविधिको विस्तारमा सहजीकरण गर्ने अपेक्षा गरिएको छ ।

त्रिशुल फुड्सको विस्तृत कुपन योजना सार्वजनिक

काँक्रेविहार संवाददाता
सुर्खेत, ७ चैत

त्रिशुल फुड्स प्रा.लि.ले ग्राहकको सहभागिता बढाउने तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले विस्तृत कुपन योजना कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा सार्वजनिक गरेको सेल्स म्यानेजर मदन कुमार श्रेष्ठले बताएका छन् ।

कम्पनीले कर्णाली, सुदुरपश्चिम, र लुम्बिनी प्रदेशका विभिन्न स्थानका डिलर तथा ग्राहकहरूलाई लक्षित गर्दै कुपन वितरण र लक्की ड्र कार्यक्रम सञ्चालन गरेको हो ।

कम्पनीले सार्वजनिक गरेको विवरण अनुसार खरिद परिमाणका आधारमा कुपन वितरण गरिएको छ । १ केजी खरिदमा १ पिस कुपन प्रदान गरिनेछ भने १० केजी खरिदमा १२ पिस कुपन उपलब्ध हुनेछ ।

त्यस्तै २० केजी खरिदमा २५ पिस, ४० केजीमा ५३ पिस, ६० केजीमा ८२ पिस तथा १२० केजी खरिदमा १८० पिस कुपन प्रदान गरिने व्यवस्था गरिएको कम्पनीले जनाएको छ ।

जम्मा ८३ लक्की ड्र मध्ये, प्रथम पुरस्कार स्वरूप ४३ इन्चको भिडियोकोन एलईडी टिभी प्रदान गरिएको छ । भने द्वितीय पुरस्कार अन्तर्गत भिडियोकोन १६३ लिटर क्षमताको फ्रिज एक जनालाई प्रदान गरिएको छ ।

तृतीय पुरस्कारमा पाँच जनालाई मिक्सर ग्राइन्डर दिएको छ । त्यसैगरी चौथो पुरस्कार अन्तर्गत २५ जनालाई हाई स्पिड स्ट्यान्ड फ्यान वितरण गरिएको छ । पाँचौं तथा सान्त्वना पुरस्कार स्वरूप ५० जनालाई ट्राभल ब्याग प्रदान गरिएको कम्पनीका प्रतिनिधीले जानकारी दिएका छन् ।



यस योजनामा सहभागी कुपनहरूमा कम्पनीको आधिकारिक सही र छाप अनिवार्य रूपमा हुनुपर्ने बताएका छन् ।

कुनै पनि ड्यामेज (क्षतिग्रस्त) कुपन मान्य नहुने र फिर्ता नलिइने स्पष्ट पारिएको छ । साथै, योजना सम्बन्धी सम्पूर्ण अधिकार कम्पनीमै निहित रहने उल्लेख गरिएको छ ।

कम्पनीले विभिन्न स्थानहरू जस्तै तुल्सीपुर, नेपालगञ्ज, लगायतका अन्य क्षेत्रहरूमा रहेका डिलर तथा ग्राहकहरूको सक्रिय सहभागिता रहेको जनाएको छ ।

योजना अन्तर्गत सहभागी हुने केही डिलर तथा व्यक्तिहरूमा पौडेल, साइम चुमला, प्रिय स्टोर्स, धिराज लामा, दलै राजक, नम महतारा, सन्तोष शर्मा, रमेश पनाऊ, सदीन स्टोर्स लगायतका नामहरू उल्लेख गरिएको छ ।

विभिन्न कुपन नम्बरहरू पनि दर्ता गरिएको जनाइएको छ, जसले पारदर्शिता कायम गर्न सहयोग पुऱ्याउने कम्पनीको विश्वास छ ।

योजना कार्यान्वयनको क्रममा डिलर, प्रोप्राइटर तथा प्रतिनिधिहरूको नाम, पद, ठेगाना, सम्पर्क नम्बर र हस्ताक्षरसमेत संकलन गरिनेछ, जसले कार्यक्रमलाई व्यवस्थित र विश्वसनीय बनाउन मद्दत गर्नेछ ।

ग्राहकको विश्वास जित्दै बजार विस्तार गर्ने लक्ष्यसहित ल्याइएको यस कुपन योजनाले व्यापार प्रवर्द्धनमा टेवा पुऱ्याउने र ग्राहकलाई आकर्षक उपहार जित्ने अवसर प्रदान गर्ने अपेक्षा कम्पनीले गरेको छ ।

नियमित हवाई उडानका लागि ६ बुँदे संकल्प प्रस्ताव पारित

काँक्रेविहार संवाददाता
सुर्खेत, ७ चैत

कर्णाली प्रदेशका हिमाली जिल्लामा नियमित हवाई सेवा सञ्चालन गर्ने उद्देश्यसहित ६ बुँदे संकल्प प्रस्ताव प्रदेशसभाबाट सर्वसम्मतिले पारित गरिएको छ ।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकाल अन्तर्गत सातौँ अधिवेशनको छैटौँ बैठकले उक्त संकल्प प्रस्ताव पारित गरेको हो ।

नेपाली कांग्रेसका प्रदेशसभा दलका प्रमुख सचेतक हिक्मतबहादुर विष्टले प्रस्ताव सभामा प्रस्तुत गरेका थिए ।

प्रस्तावमाथिको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य टेकराज पछाइ र उर्मिला विश्वकर्माले ढिलो भए पनि सकारात्मक पहल भएको उल्लेख गर्दै यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बताए ।

प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले प्रस्तावमा उठेका विषयहरूको जवाफ दिएका थिए ।

उनको जवाफपछि संकल्प प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको हो । बैठकको आकस्मिक समयमा प्रदेशसभा सदस्य राजकुमार शर्माले प्रदेश सरकारले सबै जिल्लामा समान रूपमा अभिभावकीय भूमिका निर्वाह गर्न नसकेको आरोप लगाए ।

उनले सरकारका कार्यशैलीकै कारण प्रदेश संरचनामाथि प्रश्न उठ्न थालेको टिप्पणी गरे । यसैगरी, बैठकमा सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले मन्त्रालयसँग सम्बन्धित जिज्ञासाहरूको जवाफ दिँदै सेवा प्रदायक र सेवाग्राहीबीचको सम्बन्धलाई सहज र मैत्रीपूर्ण बनाउन प्रयास भइरहेको बताए ।

त्यसै बैठकमा कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ संशोधन गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पनि सर्वसम्मतिले पारित भएको छ ।

उक्त विधेयकमाथिको सामान्य छलफलमा प्रदेशसभा सदस्य रनसिंह परियार, टेकराज पछाइ र जीतबहादुर मल्लले भाग लिएका थिए। मन्त्री भण्डारीले छलफलका क्रममा उठेका विषयमा जवाफ दिएका थिए ।

Gurbhakot Municipality
Office of Municipal Executive
Subhaghat, Surkhet
Karnali Province, Nepal

Letter of Intent

Date: 2082/12/08 (March-21-2026)

Pursuant to clause 27(1&2) and 47 of Public Procurement Act 2063, this is to notify all the bidders that; it is our intention to award the following substantially responsive lowest evaluated bid for the execution of the following contract with the stated bid price as corrected and modified in accordance with the Instruction to Bidders.

S.No.	Contract Identification	Contract Name	Lowest evaluated substantially responsive bid	Bid Price including VAT (NRs.)
1.	NCB/MED/Sup./02/2082-083	Supply and delivery of medicines and Surgical items for Gurbhakot Municipality	**Mansarover Medihealth Concern Pvt. Ltd., Buddhanagar-10, Kathmandu**	**9,83,086.00/- (Nine Lakh Eighty-three thousand and eighty-six only)**

Chief Administrative Officer

खानेपानी तथा ढल व्यबस्थापन कार्यालय सुर्खेतको सूचना !

पानी हाम्रो जीवनमा नभइ नहुने अमुल्य बस्तु हो । त्यसैले हामी सबैले स्वच्छ पानी प्रयोग गरौं । पानीको श्रोत सधै सफा राखौं । गाइबस्तुलाई कुवा, मुल वा धारामा पानी नखुवाऔं । मानिसले पिउने पानीको स्रोत वरपर वृक्षारोपण गरौं । पानीको स्रोत संरक्षण गरौं । भुक्षय, बाढी पहिरोवाट पानीको मुहान संरक्षण गरौं । पानीको मुहानलाइ सुरक्षित गरियो भने घरघर मा धारामा आउने पानी स्वच्छ र सफा हुनेछ । यदी पानीको मुहान दुषिद भयो भने हामीलाई बिभिन्न खालका रोग लाग्न पनि सक्छ । यसको संरक्षण गर्न सकेनौं भने भविस्यमा पानीको समस्या निम्तन सक्ने भएकाले संरक्षणमा पनि आवश्यक ध्यान दिनु जरुरी छ ।

बाटोघाटो बनाउदा, नहर कुलो पानीको मुल मासिन सक्छ, यस्ता काम गर्दा विशेष उपाय अपनाऔं । नहर, कुलो समय/समयमा उपभोक्ताहरु मिलेर सफा गरौं । यस आयोजनाबाट सञ्चालित योजनाहरु समयमै सम्पन्न गर्न सबैले आ-आइनो क्षेत्रबाट सहयोग गरौं । ढललाई जथाभावी निकास दिने कार्य बन्द गरौ । साथै कोरोना भाइरस लगायतका रोगका संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड अनिबार्य अपनाऔं ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

आयुर्वेद चिकित्सा सेवा जडिबुटी एवं आयुर्वेद औषधि प्रयोग सम्बन्धि महत्वपूर्ण सूचना

√ आयुर्वेद औषधि सेवन गर्नु पूर्व अनिवार्य रूपमा नजिकको आयुर्वेद स्वास्थ्य संस्थामा गई आयुर्वेद चिकित्सक वा स्वास्थ्यकर्मीसँग स्वास्थ्य परिक्षण गराउनु पर्छ ।

√ आयुर्वेद औषधिको **Expiry** मिति हेरेर मात्र प्रयोग गरौं ।

√ आयुर्वेद औषधिको साइडइफेक्ट हुन्न अथवा ग्यारेन्टी उपचार हुन्छ भन्ने जस्ता भ्रममा नपरौं ।

√ झोलामा, गाडीमा बोकेर हिड्ने व्यक्तिहरूबाट आयुर्वेद/जडिबुटी जन्य औषधि किनेर प्रयोग नगरौं ।

√ आयुर्वेद औषधि एवं उपचार पद्धतीको प्रयोगबाट नसर्ने तथा दीर्घ रोगहरूको व्यवस्थापन गर्न सकिन्छ । यसको लागि अनिवार्य रूपमा आयुर्वेद स्वास्थ्य स स्थामा सम्पर्क गरौं र आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचार गरौं ।

√ आयुर्वेद उपचार एवं परामर्श लिनु अगाडि नेपाल आयुर्वेद मेडिकल काउन्सिलमा दर्ता भएका आयुर्वेद चिकित्सक/स्वास्थ्यकर्मीबाट नै उपचार गराइरहनु भएको छ भन्ने कुरामा सुनिश्चित हुनुहोस् ।

प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र सुर्खेत
थप जानकारीका लागि : ०८३-५२०९३५

मध्यपहाडी लोकमार्ग अवरुद्ध, अलपत्र यात्रु

काँक्रेविहार संवाददाता
रूकुम पूर्व, ७ चैत

रुकुम पूर्वमा लगातार परेको भारी हिमपातका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ। भुमे गाउँपालिका-१ अन्तर्गत पर्ने लुकुम-पातिहाल्ना खण्ड पूर्णरूपमा बन्द भएको हो। जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका अनुसार लोकमार्ग अवरुद्ध हुँदा दर्जनौं सवारीसाधन र यात्रुहरू अलपत्र परेका छन्। प्रहरी नायव उपरीक्षक केशवराज ज्ञवालीका अनुसार सो खण्डमा काठमाडौंबाट आएका सातवटा बस, एकजिप र पाँचवटा मोटरसाइकल फसेका छन्। करिब २५० जनाभन्दा बढी यात्रु अलपत्र परेका छन्।

निरन्तर हिमपात र वर्षाका कारण सडक सञ्चालन चुनौतीपूर्ण बनेको छ। त्यसमाथि फोन सेवा समेत अवरुद्ध हुँदा स्थिति थप जटिल भएको छ। उपरीक्षक ज्ञवालीका अनुसार, यात्रुहरूको उद्धारका लागि स्थानीय तहसँग समन्वय गरिरहेको बताइएको छ।

निर्वाचनमा...

र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औंल्याएको छ। महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले चुनावमा मतदान अधिकृत रूपमा भूमिका निभाउँदै गर्दा बालबालिकाको दुरुपयोगको अवस्था कम गर्न सकिएको बताउँदै सरोकारवाला निकायको सहकार्य र खबरदारीका कारण यो सम्भव भएको बताए। राष्ट्रिय बाल अधिकार परिषद्का कार्यक्रम संयोजक श्रीराम अधिकारीले बालबालिकाको दुरुपयोग रोक्न कानुनी रुपमा नै कडा व्यवस्था ल्याउनुपर्ने बताए। राष्ट्रिय मानव अधिकार आयोगका खिमानन्द बस्यालले विगतको निर्वाचनको तुलनामा यसपालीको निर्वाचनको समयमा बालबालिकाको दुरुपयोग केही कम भए पनि सुधारका धेरै काम बाँकी रहेको बताए।

निर्वाचन आयोगले केही उल्लङ्घनको सम्बन्धमा कारबाही गरेको थियो। श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरेको छ। जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लङ्घन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ। निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिकासम्बन्धी प्रत्यक्ष उल्लङ्घनका घटना न्यून देखिएका थिए। मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौती देखा परेको छ। देशभरका १० हजार ९६७ मतदानस्थलमध्ये करिब ९ हजार ४५० विद्यालयमा स्थापना गरिएको थियो। अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ।

राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ। प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ।

अभियानले सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ। अध्ययन सन् ५० जिल्लाका १०७ सदस्य संस्था, सातवटै प्रदेशका प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक सङ्घ, बालबालिका क्षेत्रका विभिन्न सञ्जाल र नागरिक समाजको सहकार्यमा गरिएको थियो। अध्ययनका निम्ति अन्तरराष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेनबाट प्राविधिक सहयोग प्राप्त भएको थियो।

झोलुङ्गे पुल बनेपछि स्थानीयलाई सहज

काँक्रेविहार संवाददाता
गुल्मी, ७ चैत

वर्षाका समयमा उर्लिँदै आउने छल्दी खोला तर्न स्थानीय र विद्यार्थीका लागि ठूलो चुनौती बनेको थियो।

उब्जनी हुने ठूलो फाँटमा आउनुपर्ने टारीका स्थानीय वर्षा र खोलाको बहावका कारण जोखिम मोलेर मात्र आवत-जावत गर्न बाध्य थिए।

पालुखा माविका विद्यार्थीहरूले खोलामा नजिकै पुल नहुँदा लामो बाटो हिँड्नुपर्ने वा खोलामै जोखिम मोल्नुपर्ने समस्या भोग्दै आएका थिए।

तर अहिले इस्मा गाउँपालिका-२ अन्तर्गत छल्दी टारी र पालुखा जोड्ने झोलुङ्गे पुल निर्माण भएपछि आवत-जावत सहज भएको छ।

स्थानीय बासिन्दा र विद्यार्थीका लागि सुविधा प्रदान गर्ने उद्देश्यले सडक पूर्वाधार विकास कार्यालय तम्घासमार्फत १४६ मिटर लामो झोलुङ्गे पुल निर्माण गरिएको हो।

निर्माण कार्य आस्था सम्झना जेभी, अर्घाखाँचीले एक करोड ७१ लाख ८४ हजार ४६० रुपैयाँमा सम्पन्न गरेको हो।

सम्झौताअनुसार काम २०८२ भदौ ३ गतेसम्म सम्पन्न हुने थियो, तर पाँच महिना अगावै पुल पूरा भएपछि स्थानीय खुसी भएका छन्।

वर्षा याममा खोलामा पानीको बहाव बढ्दा विद्यार्थी, बालबालिका, वृद्ध-वृद्धा तथा बिरामीले आवत-जावतमा जोखिम मोलेको समस्या हटेको छ। इस्मा गाउँपालिका-२ का स्थानीय रामप्रसाद घिमिरेका अनुसार, पुल नहुँदा कतिपय विद्यार्थी विद्यालय जानबाट वञ्चित हुने समस्या देखिन्थ्यो। हालै निर्माण भएको पुल पालुखा माविको गेटमै रहेको हुँदा विद्यार्थी र शिक्षक सबैभन्दा बढी खुसी छन्।

प्रधानाध्यापक बाबुराम खत्रीका अनुसार, हस्चौरको सिर्पु, राले, टारी, हुलाके, घर्तिफाँट र गुरुवा लगायतका गाउँका विद्यार्थी पुलबाट लाभान्वित हुनेछन्। हाल पालुखा माविमा ३५१ विद्यार्थी अध्ययनरत छन्।

कर्णाली...

का लागि सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको कुल बजेट ल्याएकोमा फागुन मसान्तसम्म ६ अर्ब ४८ करोड १६ लाख बराबरको बजेट मात्रै खर्च गर्न सकेको छ, जुन कुल बजेटको १९.६४ प्रतिशत मात्रै हो।

सरकारको बजेट कार्यान्वयनको यो तथ्याङ्क विगतका आर्थिक वर्षहरुको भन्दा कम हो।

गत आर्थिक वर्ष (२०८१/०८२) मा नै यो अवधिमा प्रदेश सरकारले २२ प्रतिशत रकम कार्यान्वयन गरिसकेको थियो।

यस्तै, २०७८/०७९ यता सबैभन्दा कम बजेट कार्यान्वयन यही आर्थिक वर्षमा भएको हो।

चालु आर्थिक वर्ष सकिन चार महिना बाँकी रहँदा सरकारको खातामा २६ वर्ष ५१ करोड भन्दा बढी बजेट थन्किएको छ।

८० प्रतिशतभन्दा बढी राजस्व संकलन

काँक्रेविहार संवाददाता
बाँके, ७ चैत

पश्चिमका प्रमुख नाकाहरूमध्ये एक नेपालगन्ज नाकाबाट भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२-८३ का आठ महिनामा निर्धारित लक्ष्यको ८० प्रतिशतभन्दा बढी राजस्व सङ्कलन गरेको छ। भन्सार कार्यालयका अनुसार, आठ महिनामा १५ अर्ब ७७ करोड ११ लाख ५७ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकोमा १२ अर्ब ७५ करोड ४३ लाख ८० हजार रुपैयाँ अर्थात् ८०.८८ प्रतिशत सङ्कलन भएको छ। नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलले गत वर्षको आठ महिनामा लक्ष्यको ७२.४८ प्रतिशत मात्र सङ्कलन भएकोमा चालु आवमा आठ प्रतिशत वृद्धिसँगै ८०.८८ प्रतिशत सङ्कलन भएको बताए। उनले माघ र फागुन महिनामा सबैभन्दा बढी राजस्व सङ्कलन भएको जानकारी दिए। माघमा ८८.२४ र फागुनमा ८८.३२ प्रतिशत राजस्व सङ्कलन भएको थियो। हाल चालु आर्थिक वर्षको कुल राजस्व लक्ष्य २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार रुपैयाँ राखिएको छ। आठ महिनामा करिब ५२ प्रतिशत मात्र सङ्कलन भएकोले बाँकी चार महिनामा ४८ प्रतिशत राजस्व सङ्कलन गर्नुपर्ने देखिएको छ। यस हिसाबले चालु वर्षमा पनि लक्ष्य पूरा नहुने संकेत देखिएको छ। गत आर्थिक वर्ष २०८१-८२ मा नेपालगन्ज भन्सारले लक्ष्यको ७४.६४ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको थियो भने २०८०-८१ मा ६३.३५ प्रतिशत मात्रै प्राप्त भएको थियो।

जनहितमा जारी सन्देश

आउ दाजुभाई तथा दिदीबहिनी एक पटक सबै जनाले सोचौं, कृषि पेशाको विकल्प होला तर कृषि उत्पादनको विकल्प छदैछैन, सजिलो र फाइदाजनक पेशाबाट नगद प्रशस्त आय आर्जन हुन सक्ला, घर बंगलाहरू बन्नसक्लान्, मोटरगाडिहरूको मालिक बन्न सकिएला तर कृषिजन्य उत्पादनको प्रयोग नगरी सुखै छैन।

प्रांगारिक प्रणाली अपनाऔं, विषदीरहित समाजको सिर्जना गरौं

रासायनिक मल विषदीलाई न्यून प्रयोग गरी जैविक प्रांगारिक मल तथा जैविक रोग, किरा नियन्त्रण विधिबाट गरिने खेती प्रणाली नै प्रांगारिक खेती प्रणाली हो। यसको अवलम्बनबाट बाली उत्पादन र माटोको उर्भरा शक्ति दिगो रूपमा बढाउनुको साथै स्वस्थ वातावरणको सिर्जना गर्दछ। त्यसैले प्रांगारिक उत्पादनको बारेमा बेलैमा सोचौं र प्रांगारिक उत्पादनमा लागौं।

जिल्ला कृषि विकास कार्यालय
दैलेख

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

शिद्धकुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश

- हावाहुरीबाट बचौ र बचाऔं। - घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका धुनौ, छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं, हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

आगलागीबाट बच्नको लागि

- जुनसुकै स्थानमा धुम्रपान नगर्नुहोस्, धुम्रपान गरिसकेपछि तोकेको स्थानमा आगो निभाएर मात्र फाल्ने गरौं।
- सलाई, लाईटर, मट्टितेल र म्यास जस्तो आगो लाग्ने सामग्रीहरुलाई बच्चाहरुको पहुँचबाट टाढा राख्नुहोस्।
- ग्यास, बिजुलीको स्वीच, मल्टिप्लगको प्रयोग गरिसकेपछि अनिवार्य रुपमा बन्द गर्नुहोस्।
- गाउँघरमा खाना पकाइसकेपछि आगोलाई राम्रो सँग निभाउनुहोस्।
- हावा चल्ने समयमा बाहिर चुल्हो नबाल्नुहोस्, आगो लाग्ने समय भएकोले विशेष सावधानी अपनाउनुहोस्।
- घाँस र दाउराको लागि जंगलमा जाँदा आगो लाग्ने सामाग्रीहरु पूर्ण रुपमा निषेध गर्नुहोस्।
- गहुँ काटिसकेपछि गहुँ अवशेषलाई आगो नलगाउनुहोस्, किनकी यस्तो कार्यले गहुँबालीको साथै गाउँघरमा आगो लाग्न गई जनधनको समेत क्षति हुने भएको हुँदा विशेष सावधानी अपनाउनुहोस्।
- यस्तो समयमा आगो लाग्ने घटनाबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।
- घर वरिपरि झारपात जम्मा हुन नदिऔं।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छा त्यसैले :
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं। - पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा करण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं। - पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)